गोरखापत्रमा मिति २०७६/१/२५ मा प्रकाशित

▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जन ॥

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्यै दुखीया ॥

GORKHAPATRA DAILY

२०७६ साल वैशाख २५ गते बुधवार | वैशाख शुक्ल चतुर्थी | नेपाल सम्वत ११३९ कछलाथ्व ४ | 2019 May 8, Wednesday | Website: www.gorkhapat

त्रिभुवन विश्वविद्यालय

कृषि र पशु विज्ञान अध्ययन संस्थान

पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।०१।२५

यस पक्लिहवा क्याम्पसको भेटेरेनेरी साइन्सको विभिन्न वैज्ञानिक तथा शैक्षिक उपकरणहरु (बोलपत्र फारममा उल्लेख भएबमोजिम) खरिद गर्नु परेको हुँदा इच्छुक रजिष्टर्ड फर्म वा सप्लायर्सहरुबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु :

१. बोलपत्र फारम दस्तुर रु ३०००।- (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको इजाजत पत्र मु अ कर दर्ता प्रमाण पत्र र आ व २०७४।०७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समयसम्म लेखा शाखाबाट उपकरणहरुको अनुमानित मुल्य सहितको बोलपत्र फारम खरिद गर्न सकिन्छ ।

२. यस कार्यालयबाट खरिद गरेको बोलपत्र फारम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी ३१ औं दिन दिनको १२०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको २०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३. सिलबन्दी बोलपत्र आफुले यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड भैरहवा चल्ती हि नं ०११००१००४१३७५५००००१ मा रु ११९००।- जमानत बापतको नगद रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारन्टी पत्र (बिडवण्ड) संलग्न हुनु पर्नेछ ।

४. सिलबन्दी बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थप घट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्नेछ समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

५. बोलपत्रको मान्य अवधि ९० (नब्बे) दिन हुनेछ ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानिने छ ।

७. बोलपत्रदाताले कामको सम्बन्धमा राम्ररी बुझी सिलबन्दी बोलपत्र भरेको मानिने छ । बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

८. सिलबन्दी बोलपत्रको डकुमेन्ट स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सिलबन्दी बोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

सि. न.	कामको विवरण	लागत अनुमान भ्याट बाहेक रु